# नरहा गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## नरहा, सिरहा-जिल्ला
### प्रदेश नं.२ (नेपाल)

प्रकाशित मितिः-२०७५/०१/२७

**करार सेवामा काम गर्न इच्छुक उम्मेदवारहरुको दरखास्त आव्हान सम्बन्धी सूचना !**

यस गाँउपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुका लागि तपसिल वमोजिमको पदहरुमा नरहा गाँउकार्यपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ वमोजिम करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले निम्न वमोजिमको योग्यता पुगेका महिला उमेदवारहरुबाट सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त पेश गर्दा यस कार्यालयले तोकेको ढाँचामा फोटो सहितको निवेदन, नेपाली नागरिकताको प्रमाण पत्र र शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपीहरु आफैले प्रमाणित गरि पेश गर्नु पर्ने छ । साथै दरखास्त पेश गर्दा उम्मेदवारहरुले एक वडा भन्दा वढी वडाका विद्यालयहरुमा दरखास्त पेश गर्नु पर्ने भएमा वडागत रुपमा छुट्टा-छुट्टै दरखास्त फारम पेश गर्नु पर्ने छ ।

सूचना नम्बरः- 6/०७४-०७५

| सि.नं. | विद्यालयको नाम | वडा नं. | पद | पद संख्या |
|---|---|---|---|---|
| १ | श्री आधारभुत विद्यालय गौराहा, देवीपुर | १ | शिक्षिका | १ (एक) |
| २ | श्री शरण आधारभुत विद्यालय पानवारी | २ | शिक्षिका | १ (एक) |
| ३ | श्री आधारभुत विद्यालय खोरिया, चन्द्रअयोध्यापुर | ३ | शिक्षिका | १ (एक) |
| ४ | श्री जनता आधारभुत विद्यालय ललभितिया, बर्छवा | ४ | शिक्षिका | १ (एक) |
| ५ | श्री आधारभुत विद्यालय नरहा | ५ | शिक्षिका | १ (एक) |

**दरखास्त दिने अन्तिम मिति :** २०७५।२।२
**परीक्षाको किसिम :** लिखित, अर्न्तवार्ता र प्रयोगात्मक (कक्षामा पढाउनुपर्ने)
**तलव/पारिश्रमिक :** यस नरहा गाँउकार्यपालिकाको कार्यालयले तोके वमोजिम मात्र ।
**आवश्यक ठेगाना :** नरहा गाँउपालिका भित्रका स्थायी बासिन्दा मात्र ।
**आवश्यक न्यूनतम शैक्षिक योग्यता :** प्रविणता प्रमाणपत्र तह वा १०+२
**उमेर :** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**काम गर्नुपर्ने कक्षा :** कक्षा १(एक) मा अंग्रेजी माध्यममा सवै विषयहरु पढाउनु पर्नेछ ।
**दरखास्त दस्तुर :** दरखास्त पेश गर्ने उम्मेदवारले रु.३००।- रकम यस कार्यालयमा बुझाई नगदी रसिद निवेदन साथ संलग्न गर्नुपर्नेछ । दरखास्त पेश गर्ने अन्तिम मिति समाप्त भएपछि दोब्बर दस्तुरमा दरखास्त पेश गर्ने व्यवस्था गरिएको छैन ।
**सम्पर्क मिति :** यस कार्यालयबाट सूचना प्रकाशन भए वमोजिम हुनेछ ।
**नोट :** दरखास्त रीतपूर्वक नभएका उम्मेदवारहरुलाई अन्तर्वार्तामा सम्मिलित गराइने छैन ।
करार सम्बन्धी छनौट प्रक्रिया तथा अन्य व्यवस्था नरहा गाँउकार्यपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ वमोजिम हुनेछ ।

यस सम्बन्धी थप जानकारीको लागि यस निर्देशनालयको सूचना पाटी वा यस निर्देशनालयको फोन नं.९८४२९००५१२ मा सम्पर्क गर्न सकिने छ ।